# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
# HIMALAYAN GENERAL INSURANCE CO. LTD.

# विशेष साधारण सभाको
## काम कारवाहीको विवरण (माइन्यूट)

## २०७९/०३/०२

जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५२४५०९०, ५२४५०९१
फ्याक्स नं : ५२४५०९९
इमेल नं. **ktm@hgi.com.np**
थापागांउ, काठमाडौं, नेपाल ।

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लि.

थापागांउ, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२४५०९०,५२४५०९१


मिति: २०७९/०३/०५/१

विषय : काम कारवाहीको विवरण (माइन्यूट) पठाएको ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०७९ साल आषाढ ०२ गते विहिवार तद्नुसार सन् १६ जुन २०२२ का दिन सम्पन्न यस कम्पनीको विशेष साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको ब्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
# विशेष साधारण सभाको काम कार्यवाहीको विवरण (माईन्यूट)

१) वैधानिक सभा:

कम्पनी ऐन, २०६३ दफा ६३ (ख) र कम्पनीको नियमावलीको नियम १५ (३) वमोजिम बोलाईएको कम्पनीको विशेष साधारण सभामा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा वसी देहायका विषयहरु उपर छलफल गरी देहाय वमोजिम निर्णय भयो ।

२) सभाको मिति, स्थान र समय:

मिति: २०७९ आषाढ २ गते विहिवार (तद्अनुसार १६ जुन, २०२२)

स्थान: एयरपोर्ट होटल, एयरपोर्ट, काठमाण्डौ

समय: विहान ११.०० वजे

३) सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) वमोजिम कम्पनीको विशेष साधारण सभाको सूचना सहित सभामा छलफल गरिने विषयहरु विद्युतिय माध्यमवाट पठाउनुकासाथै २०७९ साल जेष्ठ १७ गते मंगलवारको "आर्थिक अभियान" राष्ट्रिय दैनिक र २०७९ साल जेष्ठ २० गते शुक्रवारको "कारोवार" राष्ट्रिय दैनिकमा सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै उक्त सूचना कम्पनीको वेवसाईट www.hgi.com.np मा समेत प्रकाशित गरिएको थियो ।

४) छलफलको विषयहरु:

**(क) विशेष प्रस्ताव**

१. हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

२. हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् बन्ने निर्जिवन बिमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" तथा अँग्रेजीमा "Himalayan Everest Insurance Limited" कायम गरी सो नामबाट निर्जिवन बिमा व्यवसाय गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

३. हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस् (J. B. Rajbhadary & DiBins), चार्टड एकाउन्टेण्टसद्धारा तयार गरिएको हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.को चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Report (DDR) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको एभरेष्ट इन्सोरेन्स कम्पनि लि. को १०० कित्ता शेयर वरावर हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. को ८५ कित्ता (१:०.८५) शेयर प्रदान गर्ने गरि गाभ्ने गाभिने (मर्जा) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

४. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement), सहमतिपत्र

जनरल ईन्स्योरेन्स बबरमहल

(Memorandum of Understanding) तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

५. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने (मर्ज) प्रयोजनको लागि दुवै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit (DDA) तयार गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

६. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच गाभ्ने गाभिने (मर्ज) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र गाभ्ने गाभिने कार्यसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

७. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा यस कम्पनिको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार संचालक समितिलाई दिने तथा गाभिए पछि बन्ने संस्थाको संचालक समितिमा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.बाट चयन भई आउनुहुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

८. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि.को साबिक संचालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकि रहेको भएतापनि गाभ्ने गाभिने कार्य सम्पन्न भई साविक दुवै कम्पनिबाट प्रतिनिधित्व रहने गरि नयाँ संचालक समिति गठन भए पश्चात् विद्यमान संचालकहरुको बाँकि कार्यकाल स्वत: समाप्त भएको मानिने साथै नयाँ संचालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको प्रथम वार्षिक/ विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पछि कम्पनीको केन्द्रिय कार्यालय, ववरमहल, काठमाण्डौंमा रहने तथा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संसोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

१०. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् कम्पनीको नाम, अधिकृत पूजीँ, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोहि मुताबिक कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरु संशोधन गरी अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

११. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व प्रतिशत समेत फेरबदल हुने हुँदा कम्पनीको प्रबन्धपत्र र नियमावलीको दफामा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

१२. प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरुले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नुपर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

(ख) विविध ।

हिमालयन जनरल इन्स्योरेन्स लि.
बबरमहल

५) उपस्थिति:

५.१ संचालकहरु:

| | |
|---|---|
| १) श्री महेन्द्र कृष्ण श्रेष्ठ | अध्यक्ष |
| २) श्री विक्रम कृष्ण श्रेष्ठ | संचालक ZOOM ONLINE वाट |
| ३) श्री विजित कृष्ण श्रेष्ठ | संचालक |
| ४) श्री अजय रत्न स्थापित | संचालक |
| ५) श्रीमती नुरा कुमारी शर्मा | संचालक |
| ६) श्री विजय कुमार पन्त | स्वतन्त्र संचालक ZOOM ONLINE वाट |

५.२ आमन्त्रित तथा पदाधिकारी

| | |
|---|---|
| १) श्री विजय वहादुर शाह | प्रमुख कार्यकारी अधिकृत |
| २) श्री सीताराम उपाध्याय तिवारी | कानूनी सल्लाहकार |
| ३) श्री किरण डंगोल | प्रतिनिधी जे बि राजभण्डारी एण्ड डिबिनस्, चार्टर्ड एकाउण्टेण्टस् (सम्पत्ती, दायित्व, तथा कारोवार मूल्याङ्कनकर्ता) |
| ४) श्री अच्युत ढुङ्गाना | सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ५) श्री ध्रुव प्रसाद न्यौपाने | कम्पनी सचिव |

५.३ शेयरधनीहरुको उपस्थिति

| | |
|---|---|
| ५.३.१ स्वयं उपस्थित संख्या | ११८ |
| ५.३.२ भर्चुयल उपस्थित संख्या | ४ |
| ५.३.३ प्रोक्सी | १४ |
| **जम्मा उपस्थित संख्या:** | **१३६** |

६) गणपूरक संख्या :

| विवरण | संख्या | स्वयं उपस्थित | प्रोक्सी | भर्चुयल उपस्थिति | जम्मा उपस्थिति | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनीहरु | १२१०१ | ११८ | १४ | ४ | १३६ | १.१२ |
| शेयर | ११७३५०९१ | २९७९८०८ | १७०५२८३ | १३९६२३७ | ६०८१३८८ | ५१.८२ |

७) **विशेष साधारण सभाको बैधानिकता:**

सभाको काम कारवाहीको प्रारम्भमा कम्पनी सचिव श्री ध्रुव प्रसाद न्यौपानेले कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली वमोजिम यो सभाको गणपूरक संख्या पुगेको र कानून अनुसार विशेष साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

## ८) साधारण सभाको सभापतित्व र सभा संचालन:

सभाको बैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ६९ वमोजिम कम्पनी ऐन, २०६३ को दफा ७४(१) मा व्यबस्था भए अनुसार यस विशेष साधारण सभाका सभापती तथा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूले पानसमा वत्ती वाली सभाको समुद्घाटन गर्नु भई सभाको काम कारवाही प्रारम्भ गर्नुभयो ।

## ९) विशेष साधारण सभाको काम कारवाही प्रारम्भ:

सर्वप्रथम प्रमुख कार्यकारी अधिकृत श्री विजय वहादुर शाहले विशेष साधारण सभामा उपस्थित सवै संचालकज्यूहरु, आमन्त्रित, कर्मचारीहरु तथा शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो ।

## १०) कम्पनीको विशेष साधारण सभामा छलफलका विषयहरु सहित प्रतिवेदनको प्रस्तुती:

सभाका सभापती श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूले औपचारिक रुपमा सभा सुरु भएको घोषणा गर्नुहुदै उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्नुभयो । २०७८ साल फागुन ३० गते सम्पन्न कम्पनीको २८औं वार्षिक साधारण सभावाट विशेष प्रस्ताव पारित गरी संचालक समितिलाई प्राप्त अख्तियारीको अधिनमा रही यस कम्पनी र एभरेस्ट ईन्स्योरेन्स कं. लि. एक आपशमा गाभ्ने गाभिने सम्वन्धमा हालसम्म भए गरेका काम कार्यवाही सहित विषेश साधारण सभामा प्रस्तावित विशेष प्रस्तावहरुलाई ध्यानमा राखी सो सम्वन्धमा गरिएका समझदारी पत्र (Memorandum of Understanding), मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस्, चार्टर्ड एकाउण्टेण्टस्वाट प्राप्त संयुक्त सम्पत्ती तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Joint Due Diligence Audit Report), तथा सहमतीपत्र (Final Scheme of Arrangement/Agreement) सम्वन्धमा आजको विशेष साधारण सभामा मुख्य मुख्य बुँदाहरु सहितको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

निर्जीवन वीमाको क्षेत्र व्यापक एवं सुदृढीकरण गर्नको लागि श्री वीमा समितिवाट जारी भएका निर्देशनहरु तथा अख्तियार गरेका नीति, नियमहरुको पालना गर्दै यस क्षेत्रमा वेहोर्नु परेको तिव्र प्रतिस्पर्धा तथा अवसरहरु जस्ता विषयहरुलाई ध्यानमा राखी वीमा सेवा प्रदान गर्नको लागि हामी दुई कम्पनीहरुको अन्तरराष्ट्रिय, राष्ट्रिय तथा स्थानिय पहुँच, अनुभव र क्षमतालाई वढी भन्दा वढी प्रभावकारी वनाउँदै प्रतिष्पर्धामा उत्रिन र आफ्ना शेयरधनीहरुलाई समयानुकुल उचित प्रतिफल प्रदान गर्न सक्षम हुनको लागि एक सवल पूँजी भएको उत्कृष्ट निर्जीवन वीमा कम्पनीको रुपमा स्थापित हुन यस हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने, गाभिने (Merger) को लागि २०७९ साल वैसाख २२ गते सम्झौतापत्र भए वमोजिम श्री वीमा समितिवाट मिति २०७९ वैसाख २३ गते सैद्धान्तिक सहमती प्राप्त भएकाले र मिति २०७९ जेष्ठ १५ गते सम्पन्न कम्पनीको २८३औ संचालक समितिको वैठकले संयुक्त मर्जर समितिवाट पेश गरेको Joint DDA Report तथा Scheme of Arrangement लाई सर्वसम्मतीले पारित गरे पश्चात् यो विशेष साधारण सभा वोलाईएको जानकारी गराउनु भयो ।

यस कम्पनी र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपशमा गाभिए पश्चात् निर्जीवन वीमा व्यवसाय गर्ने सस्थाको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" र अंग्रेजीमा "Himalayan Everest Insurance Limited" हुने र कम्पनीको रजिस्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, का. म. न. पा., वडा नं. ११, टंकप्रसाद घुम्तीमार्ग, ववरमहल, काठमाण्डौमा रहने जानकारी गराउछु । साथै दुई कम्पनी एक आपशमा गाभिएपछि वन्ने हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेडमा दुवै कम्पनीको तर्फवाट तीन तीन जना गरी जम्मा ६ (छ) जनाको संचालक समिति कायम हुनेछ । श्री वीमा समितिवाट जारी वीमक गाभ्ने, गाभिने तथा प्राप्ती गर्ने सम्वन्धि निर्देशिका, २०७६ जारी भएपछि हामी दुई कम्पनी स्वस्फुर्त रुपमा मर्जर प्रक्रियामा गएको तथा मर्जर पछि कम्पनीले अझ सुदृढ, कुशल तथा सक्षम सेवा प्रदान गर्दै देशको कुना कुनाकाप्चासम्म निर्जीवन वीमाको क्षेत्रमा उत्कृष्ट सेवा प्रदान गर्दै विमितहरुको हित संरक्षण गर्ने लक्ष लिएका छौ । साथै गाभ्ने, गाभिने सस्थाहरुको सवल पूँजीगत आधार, मानव संसाधन, सूचना प्रविधि एवं प्राविधिक क्षमतामा अभिवृद्धी गरी लगानीकर्ताहरुलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार लगानीकर्ताहरुको हक हित संरक्षण गर्न गाभ्ने, गाभिने सस्थाहरु अझ सुदृढ ढंगले उच्च प्राथमिकताका साथ व्यवस्थापन गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

हिमालयन जनरल ईन्स्योरेन्स, ववरमहल

गाभ्ने गाभिने सस्थाहरुको सहभागितामा गठित संयुक्त मर्जर समितिवाट नियुक्त सम्पत्ती, दायित्व तथा कारोवारको मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस्, चार्टर्ड एकाउण्टेण्टस्वाट प्राप्त लक्षित सस्थाहरुको सम्पत्ती, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा नयाँ वन्ने सस्था हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेडमा एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेडका शेयरधनीहरुले १०० कित्ता शेयर वरावर ८५ कित्ता पाउनेछ भने हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडका शेयरधनीले १०० कित्ता शेयर वरावर १०० कित्तानै पाउनेछ । १:०.८५ शेयर स्वाप रेसियो कायम गरेको जानकारी गराउछौ । गाभ्ने गाभिने प्रकिया पछि संस्थापक शेयरधनीहरुको स्वामित्व ५१.१० (एकाउन्न दशमलव दश) प्रतिशत र सर्वसाधारण शेयरधनीको स्वामित्व ४८.९० प्रतिशत हुने समेत जानकारी गराउछौ । जस अनुसार अधिकृत पूंजी ५ अर्व जारी तथा चुक्ता पूँजी २ अर्व २३ करोड ९९ लाख ३६ हजार ७ सय हुनेछ । साथै आजको विशेष साधारण सभामा गाभ्ने, गाभिने प्रकिया पछि वन्ने सस्थाको नाम, अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी, संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीको अनुपात तथा संचालक समितिको गठन र कार्यकाल सम्वन्धमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव समेत पेश गरेकाछौ । यस विशेष साधारण सभामा प्रस्तुत हुने सम्पूर्ण प्रस्तावहरु उपर छलफल पश्चात् शेयरधनी महानुभाहरुवाट पारीत हुनेनै छ भन्नेमा विश्वाश व्यक्त गर्नुभयो ।

उक्त व्यवस्थावाट श्री बीमा समितिवाट तोकिएको चुक्ता पूँजीमा केहि कमि हुने भएतापनि आ. व. २०७८/०७९ को मुनाफा तथा जगेडा कोषवाट समेत वोनश शेयर प्रदान गरिदा सोको पालना हुन जाने समेत जानकारी गराउनु भयो ।

**सर्वसाधारण शेयरधनी, विमित र साहुहरुको हकहित संरक्षण सम्वन्धमा**

दुवै सस्था एक आपशमा गाभिएपछि सर्वसाधारण शेयरधनी, विमित र साहुहरुको हकहित संरक्षणको लागि पूँजीगत आधार सुदृढ भई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम वनाई थप लगानीका अवसरहरु समेत लागु गर्न र निर्जिवन वीमा क्षेत्रको विकास तथा वीमितको हकहित संरक्षण गर्न प्रतिवद्ध छौ । साथै उक्त कार्यको लागि विभिन्न जोखिम कोषहरुको व्यवस्था पूर्ववतनै रहेको जानकारी गराउछौ ।

**सफ्टवेयर सम्वन्धमा**

दुवै सस्था एक आपशमा गाभिएपछि वन्ने संस्था हिमालयन एभरेष्ट ईन्योरेन्स लि. मा हाल हिमालयन ईन्स्योरेन्समा प्रयोग गर्दै आएको वेभमा आधारित सफ्टवेयर HGI SOFT प्रयोग गरिने जानकारी गराउनु भयो ।

**शाखा सम्वन्धमा**

दुवै संस्थाका गरी केन्द्रिय कार्यालय वाहेक ७५ वटा शाखा कार्यालय रहेकोमा एकै ठााउमा रहेको दुवै संस्थाको शाखा तथा सेवा केन्द्रहरु आवश्यकता, शाखाको संरचना तथा व्यवसायको आकार वमोजिम समायोजन गरिने साथै, तोकिएका प्राथमिक क्षेत्र, जिल्लाहरुमा समेत संभाव्यता अध्ययन गरी थप शाखाहरु खोली निर्जिवन बीमा कारोवार संचालन गर्दै जाने योजना जानकारी गराउनु भयो ।

**जनशक्ती व्यवस्थापन सम्वन्धमा**

हाल हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. मा रहेका कुल कर्मचारी संख्या २२५ जना र एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. को कुल कर्मचारी संख्या २१९ जना कार्यरत रहेकोमा दुवै संस्था गाभिए पछि केन्द्रिय कार्यालय वाहेक ७५ वटा शाखा कार्यालय रहने हुनाले कार्यरत कर्मचारीको संख्या कटौती गरिने योजना नरहेको तथा कर्मचारीहरुलाई तल्लो पदमा घटुवा गरिने योजना समेत नरहेको र हाल खाईपाई आएको तलव, भत्तामा पनि कुनै कटौती नगरिने जानकारी गराउनुभयो । कथंकदाचित कर्मचारी संख्या कटौती गर्न पर्ने अवस्था आएमा प्रभावकारी स्वेच्छिक अवकाश योजना लागु गर्न सकिने प्रावधान समेत राखेको र साथै हाल हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडमा रहनु भएका प्रमुख कार्यकारी अधिकृत श्री विजय वहादुर शाहलाई नयां वन्ने संस्थाको कार्यकारी अधिकृत पदमा ४ वर्षको लागि करार सेवामा नियुक्ती गर्ने प्रस्ताव राखेको जानकारी गराउनु भयो ।

साथै सवै शेयरधनी महानुभावहरु, गाभ्ने गाभिने सस्थाका कर्मचारीहरु, नियमनकारी निकायका प्रतिनिधीहरु लगायत सवै सम्वद्ध पक्षहरुवाट यस पुनित कार्यमा सहयोग पुग्ने विश्वाश व्यक्त गर्दै सफलताको कामना गर्नुभयो ।

११) **छलफलको लागि आव्हान:**

११.१ तत्पश्चात् सभापतिज्यूले आजको विशेष साधारण सभामा प्रस्तावित विशेष प्रस्तावहरु (१) देखि (१३) सम्म मा उल्लेखित विषय तथा प्रस्तावहरु उपर छलफल तथा समुचित निर्णयको लागि उपस्थित शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । सभापतीज्यूले सवैको सहयोग, सद्भावना र मार्गनिर्देशनको अपेक्षा गर्दै भविष्यमा कम्पनीको विकासमा सवैको निरन्तर सहयोग हुनेमा विश्वाशका साथ विषयसूचीमा प्रवेश गर्न आग्रह गर्नुभयो ।

११.२ शेयरधनीहरु मध्येवाट श्री डमरु वल्लभ घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री उद्धव प्रसाद घिमिरे, र श्री व्रम्हदेव शाक्यले नाम लेखाउनु भई वुदा नं. ११(३) अनुसार आ(आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नुभयो । साथै शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ र नरसिंह लाल श्रेष्ठले विशेष साधारण सभाको सफलता तथा कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्दै लिखित मन्तव्य तथा सुझाव दिनु भएको थियो ।

११.३ **शेयरधनीहरुको मन्तव्य, जिज्ञासा तथा सुझावहरु :**

- निर्जिवन वीमा कम्पनीहरुमा ऐतिहासिक मर्जर भएकोमा शुभकामना व्यक्त ।
- समयमानै प्रतिवद्धता पुरा गरेकोमा धन्यवाद व्यक्त ।
- नजिकका शाखा कार्यालयहरुलाई समायोजन भन्दा पनि Transfer गर्न पर्ने सुझाव व्यक्त ।
- VRS Scheme को प्रावधान अनुसार कम्पनीलाई फाईदा हुने विचार व्यक्त ।
- समावेशी मर्जर गरेकोमा शुभकामना व्यक्त ।
- कर्मचारी कटौती नगरेकोमा राम्रो निर्णय लिएको विचार व्यक्त ।
- पूँजी वढाउन सफल भएकोमा वधाई व्यक्त ।
- प्रमुख कार्यकारी अधिकृतलाई कार्यकालको शुभकामना व्यक्त ।
- स्वागतयोग्य डिडिए अडिट रिपोर्ट आएकोमा सन्तोष व्यक्त ।
- Staff Culture लाई राम्रो संग समेटेर लैजान पर्ने सुझाव व्यक्त ।
- विशेष साधारण सभाको सफलताको कामना व्यक्त ।

१२) **सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नुभएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षले दिनुभएको जवाफ:**

शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा, मन्तव्य, सुझाव र सल्लाहलाई सकारात्मक रुपमा लिदै कम्पनीले सम्पत्तीको रुपमा ग्रहण गरेको जानकारी गराउदै सभापतीज्यूले समयानुकुल लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै आजको विशेष साधारण सभा सफलताका साथ सम्पन्न गर्न सहयोग गर्नुभएकोमा सवै शेयरधनीहरु लगायत उपस्थित सवै पदाधिकारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

बबरमहल

१३) सभाको निर्णय:

(क) विशेष प्रस्तावहरु:

१. **हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।**

   हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो । साथै यस कम्पनीको दायित्व र सम्पत्ती मर्जर पछि कायम हुने सस्थामा सर्ने समेत प्रस्ताव पारित भयो ।

२. **हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् बन्ने निर्जिवन बिमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" तथा अँग्रेजीमा "Himalayan Everest Insurance Limited" कायम गरी सो नामबाट निर्जिवन बिमा व्यवसाय गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।**

   हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् बन्ने निर्जिवन बिमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" तथा अँग्रेजीमा "Himalayan Everest Insurance Limited" कायम गरी सो नामबाट निर्जिवन बिमा व्यवसाय गर्ने सम्बन्धि विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

३. **हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस् (J. B. Rajbhadary & DiBins), चार्टड एकाउन्टेण्टसद्धारा तयार गरिएको हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.को चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Report (DDR) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको एभरेष्ट इन्सोरेन्स कम्पनि लि. को १०० कित्ता शेयर वरावर हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. को ८५ कित्ता (१:०.८५) शेयर प्रदान गर्ने गरि गाभ्ने गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

   हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस् (J. B. Rajbhadary & DiBins), चार्टड एकाउन्टेण्टसद्धारा तयार गरिएको हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.को चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Joint Due Diligence Audit Report (JDDAR) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको एभरेष्ट इन्सोरेन्स कम्पनि लि. को १०० कित्ता शेयर वरावर हिमालयन जनरल ईन्स्योरेन्स कम्पनि लि. को ८५ कित्ता (१:०.८५) शेयर प्रदान गर्ने गरि गाभ्ने गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

४. **हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement), सहमतिपत्र (Memorandum of Understanding) तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

   हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र (Scheme of Arrangement), सहमतिपत्र (Memorandum

of Understanding) तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

**५. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने ( मर्ज) प्रयोजनको लागि दुवै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit (DDA) तयार गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभ्ने गाभिने ( मर्ज) प्रयोजनको लागि दुवै संस्थाको संयुक्त चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Joint Due Diligence Audit (JDDA) तयार गर्न नियुक्त गरिएका लेखापरीक्षक/मूल्याङ्कनकर्ता जे. वि. राजभण्डारी एण्ड डिविनन्स , चार्टर्ड एकाउण्टेण्टलाई भुक्तानी गरिएको पारिश्रमिक मु. अ. कर वाहेक रु.३,००,०००। (तीन लाख) अनुमोदन गर्ने निर्णय भयो ।

**६. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच गाभ्ने गाभिने (मर्ज) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र गाभ्ने गाभिने कार्यसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. बिच गाभ्ने गाभिने (मर्ज) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र गाभ्ने गाभिने कार्यसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने गाभिने कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्ने गराउने सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

**७. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा यस कम्पनिको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार संचालक समितिलाई दिने तथा गाभिए पछि बन्ने संस्थाको संचालक समितिमा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.बाट चयन भई आउनुहुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा यस कम्पनिको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार संचालक समितिलाई दिने तथा गाभिए पछि बन्ने संस्थाको संचालक समितिमा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि.बाट चयन भई आउनुहुने संचालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

**८. हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि.को साबिक संचालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकि रहेको भएतापनि गाभ्ने गाभिने कार्य सम्पन्न भई साविक दुवै कम्पनिबाट प्रतिनिधित्व रहने गरि नयाँ संचालक समिति गठन भए पश्चात् विद्यमान संचालकहरुको बाँकि कार्यकाल स्वत: समाप्त भएको मानिने साथै नयाँ**

बबरमहल

**संचालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको प्रथम वार्षिक/ विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि.को साबिक संचालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकि रहेको भएतापनि गाभ्ने गाभिने कार्य सम्पन्न भई साविक दुवै कम्पनिबाट प्रतिनिधित्व रहने गरि नयाँ संचालक समिति गठन भए पश्चात् विद्यमान संचालकहरुको बाँकि कार्यकाल स्वत: समाप्त भएको मानिने साथै नयाँ संचालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको प्रथम वार्षिक/ विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

९. **हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पछि कम्पनीको केन्द्रिय कार्यालय, ववरमहल, काठमाण्डौंमा रहने तथा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पछि कम्पनीको केन्द्रिय कार्यालय, ववरमहल, काठमाण्डौंमा रहने तथा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संसोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

१०. **हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् कम्पनीको नाम, अधिकृत पूजीँ, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोहि मुताबिक कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरु संशोधन गरी अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् कम्पनीको नाम, अधिकृत पूजीँ, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोहि मुताबिक कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको दफाहरु संशोधन गरी अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो ।

११. **हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको समित्व प्रतिशत समेत फेरवदल हुने हुँदा कम्पनीको प्रवन्धपत्र र नियमावलीको दफामा संशोधा गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

हिमालयन जनरल इन्स्योरेन्स कम्पनि लि. तथा एभरेष्ट इन्स्योरेन्स कम्पनि लि. एक आपसमा गाभिए पश्चात् कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व प्रतिशत समेत फेरवदल हुने हुँदा कम्पनीको प्रवन्धपत्र र नियमावलीको दफामा संशोधन गर्ने विशेष प्रस्ताव पारित भयो ।

१२. **प्रवन्धपत्र र नियमावलीमा गर्नु पर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरुले फेरवदल, थपघट, गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरवदल गर्नुपर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

प्रवन्धपत्र र नियमावलीमा गर्नु पर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरुले फेरवदल, थपघट, गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरवदल गर्नुपर्ने भएमा सो अनुसार गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित भयो । साथै संलग्न वमोजिमको प्रवन्धपत्र र नियमावलीमा संशोधनको तीन महले फाराम समेत अनुमोदन गर्ने निर्णय भयो ।

(ख) विविध :

विविध विषयमा कुनै छलफल नभएको ।

१४) सभाको विसर्जन :

सभापतीज्यूले विशेष वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुवाट आमन्त्रित प्रतिनिधीहरु समेत सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । अन्तमा छलफलका लागि अन्य कुनै विषय वांकि नरहेको हुंदा सभापतीज्यूले आजको विशेष साधारण सभा दिनको १२.३० वजे विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ............................... | ............................... |
| ध्रुव प्रसाद न्यौपाने | महेन्द्र कृष्ण श्रेष्ठ |
| कम्पनी सचिव | अध्यक्ष |
| मिति:२०७९।०३।०३ | |

## हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारण सभाबाट

### प्रवन्धपत्रमा संशोधन

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा १ कम्पनीको नाम:<br><br>यस कम्पनीको नाम हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड रहनेछ । | दफा १ कम्पनीको नाम:<br><br>यस कम्पनीको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" र अंग्रेजीमा "Himalayan Everest Insurance Limited" रहनेछ । | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने भएकाले । |
| ३) कम्पनीको उद्देश्य :<br>यस कम्पनी निम्न लिखित उद्येष्यहरुलाई पुर्ण वा आंशिक रुपमा कार्यान्वयन गर्नको लागि स्थापना गरिएको छ ।<br><br>(क) देखि (फ) सम्मका वुदाहरु मात्र रहेको । | ३) कम्पनीको उद्देश्य :<br>वुदा नं. (फ) पछि निम्न अनुसार वुदा नं. (व) र (भ) थप गरिएको छ ।<br><br>(व) सम्वन्धित निकायको स्विकृती लिई मर्चेन्ट वैकिंङ्ग तथा सामूहिक लगानी कोष (Mutual Fund) संचालन गर्ने ।<br><br>(भ) पव्लिक लिमिटेड कम्पनीको सूचिकृत शेयर, कृषी, पर्यटन, जलश्रोत तथा पूर्वाधारको शेयर तथा ऋणपत्र, सामूहिक लगानी कोष, वैंक तथा वित्तिय सस्थाको साधारण शेयरमा परिवर्तन नहुने डिवेन्चर ईत्यादीमा लगानी गर्ने ।<br><br>(म) वुक विल्डिङ्ग प्रक्रियामा सहभागी हुने र सो सम्वन्धि काम गर्ने । | मर्चेन्ट वैकिङ्ग र सामुहिक लगानी कोष संचालन गर्न पर्ने तथा पव्लिक लिमिटेड कम्पनीको सूचिकृत शेयर, कृषी, पर्यटन, जलश्रोत तथा पूर्वाधारको शेयर तथा ऋणपत्र, सामूहिक लगानी कोष, वैंक तथा वित्तिय सस्थाको साधारण शेयरमा परिवर्तन नहुने डिवेन्चरमा लगानी गर्न पर्ने भएकाले । |
| दफा ५ कम्पनीको पूँजीको संरचना (क):<br><br>कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,००० (दुई अर्व) हुनेछ । प्रति शेयर रु.१०० (एक सय) का दरले २,००,००,००० (दुई करोड) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ । | दफा ५ कम्पनीको पूँजीको संरचना (क):<br><br>कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,००० (पांच अर्व) हुनेछ । प्रति शेयर रु.१०० (एक सय) का दरले ५,००,००,००० (पांच करोड) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ । | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने भएकाले । |

बबरमहल

| | | |
|---|---|---|
| | | |
| <u>दफा ५ कम्पनीको पूँजीको संरचना (ख):</u><br><br>कम्पनीको जारी पूंजी रु. १,१७,३५,०९,१०० (रु. एक अर्व सत्र करोड पैतिस लाख नौं हजार एक सय) हुनेछ । प्रति शेयर रु१०० (एक सय) का दरले १,१७,३५,०९१ (एक करोड सत्र लाख पैतिस हजार एकान्नव्वे) साधारण शेयरमा विभाजित गरिएको छ साथै चुक्ता पूंजी पनि रु. १,१७,३५,०९,१०० (रु. एक अर्व सत्र करोड पैतिस लाख नौं हजार एक सय) हुनेछ । | <u>दफा ५ कम्पनीको पूँजीको संरचना (ख):</u><br><br>कम्पनीको जारी पूंजी रु. २,२३,९९,३६,७०० (रु. दुई अर्व तेईस करोड उनान्सय लाख छत्तिस हजार सात सय) हुनेछ । प्रति शेयर रु१०० ( एक सय) का दरले २,२३,९९,३६७ (दुई करोड तेईस लाख उनान्सय हजार तीन सय सतसठ्ठी) साधारण शेयरमा विभाजित गरिएको छ साथै चुक्ता पूंजी पनि रु. २,२३,९९,३६,७०० (रु. दुई अर्व तेईस करोड उनान्सय लाख छत्तिस हजार सात सय) हुनेछ । | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने भएकाले । |
| <u>दफा ५ कम्पनीको पूँजीको संरचना (ग):</u><br><br>कम्पनीको जारी पूँजीको ४९ ( उन्पचास) प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याईएको छ । | <u>दफा ५ कम्पनीको पूँजीको संरचना (ग):</u><br><br>कम्पनीको जारी पूँजीको ४८.९० ( अड्चालिस दशमलव नव्वे) प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याईएको छ । | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने भएकाले शेयर स्वामित्वको अनुपातमा परिवर्तन हुने भएकाले । |

हिमालयन जनरल ईन्स्योरेन्स कं. लि.
बबरमहल

नियमावलीमा संशोधन

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| नियम १ कम्पनीको नाम र रजिष्टर्ड कार्यालय (क) कम्पनीको नाम:<br><br>हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड रहनेछ । | नियम १ कम्पनीको नाम र रजिष्टर्ड कार्यालय (क) कम्पनीको नाम:<br><br>यस कम्पनीको नाम नेपालीमा "हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेड" र अंग्रेजीमा "Himalayan Everest Insurance Limited" रहनेछ । | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने भएकाले । |
| नियम ६ शेयर पूँजी (ख)<br><br>कम्पनीको अधिकृत पुंजी रु २,००,००,००,०००। (रु. दुई अर्व) हुनेछ । रु. १,१७,३५,०९,१००। (रु. एक अर्व सत्र करोड पैतिस लाख नौं हजार एक सय) जारी पूंजी हुने छ । साथै चुक्ता पूंजी पनि रु. १,१७,३५,०९,१००। (रु. एक अर्व सत्र करोड पैतिस लाख नौं हजार एक सय) सम्म हुने छ । | नियम ६ शेयर पूँजी (ख)<br><br>कम्पनीको अधिकृत पुंजी रु ५,००,००,००,०००। (रु. पाँच अर्व) हुनेछ । रु. २,२३,९९,३६,७०० (रु. दुई अर्व तेईस करोड उनान्सय लाख छत्तिस हजार सात सय) जारी पूंजी हुने छ । साथै चुक्ता पूंजी पनि रु. २,२३,९९,३६,७०० (रु. दुई अर्व तेईस करोड उनान्सय लाख छत्तिस हजार सात सय) हुने छ । | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने गाभिने भएकाले । |
| नियम १७ (२) संचालक समितिको गठन र कार्यकाल:<br><br>यस कम्पनीमा ६ जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक समूहवाट ३ जना, सर्वसाधारण समूहवाट २ जना र स्वतन्त्र संचालक एक जना रहने छन् । | नियम १७ (२) संचालक समितिको गठन र कार्यकाल:<br><br>यस कम्पनीमा ६ जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक समूहवाट ३ जना, सर्वसाधारण समूहवाट २ जना र स्वतन्त्र संचालक एक जना रहने छन् । जसमध्ये १ जना महिला संचालक रहने छन् । | कम्पनी ऐन, २०६३ को दफा ८६ (२) अनुसार मिलाएको । |
| नियम १९ (क) जारी तथा चुक्ता पूँजीको अनुपात:<br><br>कम्पनीको जारी तथा चुक्ता पूँजीको स्वामित्वको विवरण निम्न | नियम १९ (क) जारी तथा चुक्ता पूँजीको अनुपात:<br><br>कम्पनीको जारी तथा चुक्ता पूँजीको स्वामित्वको विवरण निम्न अनुसार | हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड र एभरेस्ट ईन्स्योरेन्स कम्पनी लिमिटेड एक |

हिमालयन जनरल ईन्स्योरेन्स बबरमहल

| | | |
|---|---|---|
| अनुसार हुनेछ । संस्थापकहरुको ५१ प्रतिशत र सर्वसाधारणको ( पुरस्कार शेयर सहित) ४९ प्रतिशत । | हुनेछ । संस्थापकहरुको ५१.१० ( एकाउन्न दशमलव दश) प्रतिशत र सर्वसाधारणको ४८.९० (अड्चालिस दशमलव नव्वे) प्रतिशत । | आपसमा गाभ्ने गाभिने भएकाले शेयर स्वामित्वको अनुपातमा परिवर्तन हुने भएकाले । |